

- खानेपानी शुद्धिकरणका घरेलु प्रविधि, सरसफाइ र स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि
- विद्यालय सेवा क्षेत्रलाई "स्वस्थ" क्षेत्र घोषणा गर्न सहयोग गर्ने

## उद्देश्य ४ः पोषण र खाद्य सुरक्षा अभिवृद्धि गर्न पर्यावरणीय सरसफाइलाई प्रवर्द्धन गर्ने

- स्थानीय अगुवा तथा किसानहरूका लागि मलचर्पी सम्बन्धी तालिम प्रदान गरी निमार्ण गर्न लगाउने
- मलको रुपमा पिसावको प्रयोगको लागि प्रदर्शन स्थलको स्थापना गर्ने
- बायोग्यास जडित शौचालय तथा पिसाब छुट्याउने शौचालय निर्माणको लागि सहयोग पुरयाउने



## उद्देश्य ५ः खानेपानी शुद्धिकरण प्रविधिहरुको बजार व्यवस्थापन सुदृढिकरण

- घरेलु स्तरमा पानी शुद्धिकरण गर्ने प्रविधि उत्पादकको आवश्यकता पहिचान गर्ने
- घरेलु स्तरमा पानी शुद्धिकरण गर्ने वैकल्पिक प्रविधिहरूको विकास गर्ने
- घरेलु स्तरमा पानी शुद्धिकरण गर्ने विविध विकल्पहरूको सहज आपूर्तिको लागि आपूर्ति कर्ताहरूको टेवा दिने
- विविध प्रविधि सम्बन्धी तालिम संचालन गर्ने

## उद्देश्य ६ः पानी सुरक्षित योजनाको नमुना प्रर्दशन

- पानी सुरक्षा योजना सम्बन्धी तालिम प्रदान गर्ने
- पानी सुरक्षा योजनाको निर्माण र परियोजना क्षेत्र भित्र कार्यान्वयन गर्ने



## उद्देश्य ७ः खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रहरुसँग समन्वय गर्ने

- जिल्ला स्तरीय सल्लाहकार समिति गठन
- राष्ट्रिय स्तरको समिति संग समन्वयगर्ने गराउने
- परियोजना कार्यान्वयन पश्चात प्राप्त अनुभवहरूलाई गोष्ठी, सभा, सेमिनार मार्फत अनुभव आदानप्रदान गर्ने


ENPHO Creating Eco Societies

**वातावरण तथा जनस्वास्थ्य संस्था (एन्फो)**
आदर्श मार्ग, नयाँ बानेश्वर, काठमाडौं । फोन : ०१-४४९३१८८
फ्याक्स : ०१-४४९१३७६ । इमेल : enpho@mail.com.np
वेब साईट : www.enpho.org

***एन्फो फिल्ड अफिस***
मैनटाढा-३, जहरे, सुर्खेत
फोन : ०८३-६९३१६८
इमेल : sulochana.joshi@enpho.org










*मध्य पश्चिमाञ्चल स्तरिय विद्यालयको अगुवाईमा*

# सुरक्षित खानेपानी र सरसफाइ सुधार कार्यक्रम

USAID FROM THE AMERICAN PEOPLE

eawag aquatic research

ENPHO Creating Eco Societies



## परिचय

सुरक्षित खानेपानी र उचित सरसफाइ सहज रूपमा मध्य पश्चिमका विभिन्न क्षेत्रमा बसोबास गर्ने नागरिकहरूमा पहुँच पुग्न नसक्नु नै मध्य पश्चिमाञ्चल विकास क्षेत्रको प्रमुख चुनौती हो । हालसम्म प्राप्त तथ्याङ्कलाई हेर्ने हो भने नेपालका करिब ८०% जनताहरूमा मात्र आधार भुत स्तरको खानेपानी सुविधा र ४३% जनतामा शौचालयको पहुँच पुगेको छ । उचित सरसफाइ र सुरक्षित खानेपानीको अभावका कारण वार्षिक करिव १०,५०० वालवालिकाले अकालमानै ज्यान गुमाउने गरेको र यसले गर्दा देशले ठूलो आर्थिक भार समेत व्यहोर्नु परेको छ ।

मध्य पश्चिमाञ्चल विकास क्षेत्र नेपालका अन्य विकास क्षेत्रको तुलनामा सामाजिक तथा आर्थिक विकासका साथै खानेपानी र सरसफाइको सन्दर्भमा पनि न्युन विकास भएको क्षेत्र मध्ये पर्दछ । भौगोलिक विकटताका साथै जनचेतनाका अभावका कारण यस क्षेत्रका जनताहरू विकासका मार्गबाट पछाडी पर्नुले यहाँका उल्लेख्य जनताहरू खानेपानी र सरसफाइ जस्ता आधारभुत सुविधाहरूबाट समेत बञ्चित रहेका छन् । ३८% जनताहरूमा शौचालयको पहुँच तथा ७८% मा मात्र खानेपानीको आधारभुत सुविधा उपलब्ध भएको यस क्षेत्रको वास्तविकता सन् २०१० मा झाडापखालाका कारण जाजरकोट र वरपरका जिल्लामामात्र ३०० भन्दा बढी मानिसको अकालैमा ज्यानजानुले पनि स्पष्ट गरेको छ ।

मध्यपश्चिम क्षेत्रलाईनै सन् २०१५ सम्म खुल्ला दिसामुक्त क्षेत्र बनाउने कार्ययोजनालाई टेवा पुर्‍याउनुका साथै खानेपानी, स्वास्थ्यर सरसफाइका सवालहरूलाई एकिकृत रूपमा सम्बोधन गरी USAID, EAWAG/SANDEC को आर्थिक सहयोग तथा क्षेत्रीय अनुगमनतथा सुपरिवेक्षण कार्यालयको सहकार्यमा वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) ले सुर्खेत जिल्लाका पाँच गा.वि.स (रामघाट, काप्रीचौर,कल्याण, सहारे र मेहेलकुना) का साथै वीरेन्द्रनगर नगरपालिका स्तरीय वडा न. १,२ र ११ मा मध्य पश्चिमाञ्चल स्तरिय विद्यालय अगुवाई -सुरक्षित खानेपानी र सरसफाइ सुधार कार्यक्रम "सु-स्वस्थ" संचालन गरेकोछ । यो परियोजनाको अवधी ३ वर्ष (जनवरी २०११ देखि डिसेम्बर २०१३ सम्म) को हुनेछ ।

## उद्देश्य



मध्यपश्चिम विकास क्षेत्रमा पर्ने सुर्खेत जिल्लका पिछडिएका वर्गहरूमा सुरक्षित खानेपानी प्रविधिहरूको प्रवर्द्धन र सरसफाइका आधारभूत सुविधाहरूमा दिगो रूपमा पहुँच पुर्‍याई, खानेपानी र सरसफाइका सवाललाई एकिकृत रूपमा सम्बोधन गर्नुका साथै स्वास्थ्यमा सुधार ल्याइ जीवनस्तर उकास्नु नै यस परियोजनाको उद्देश्य रहेको छ ।

## अपेक्षित उपलब्धीहरु

- परियोजना क्षेत्र भित्रका ४५,००० जनताहरू सुरक्षित खानेपानी, स्वास्थ र सरसफाइबाट लाभान्वित हुनेछन् ।
- ५५ वटा विद्यालयमा खानेपानी र सरसफाइका अवस्थामा सुधार हुनेछ जहाँ आवश्यक अनुसार बालमैत्री तथा लैङ्गिक मैत्री सौचालयको निर्माण हुनेछ ।
- कम्तीमा १० वटा समुदायले आफ्नो समुदायलाई 'स्वस्थ' समुदायको रूपमा घोषणा गर्नेछन् ।
- मलचर्पी (ECO-SAN) को प्रवर्द्धन मार्फत मानवीय मलमुत्रलाई मलको रूपमा प्रयोग गरी खाद्य सुरक्षामा टेवा पुग्नेछ ।
- सुर्खेत जिल्लालाई सन् २०१५ सम्म खुल्ला दिसा मुक्त जिल्ला बनाउने कार्ययोजना कार्यान्वयनमा टेवा पुग्नेछ ।




## प्रस्तावित कार्यक्रम

### उद्देश्य १: सुरक्षित खानेपानी, सरसफाइ सम्बन्धी एकिकृत अवधारणाको विकास तथा प्रर्वद्धन गर्नु

- सुरक्षित खानेपानी र सरसफाइका आधारभुत तथ्याङ्क संकलन तथा लैङ्गिक समानताका विश्लेषण गर्ने
- विद्यालयहरूमा खानेपानी शुद्धिकरणका प्रभावकारी प्रविधिहरूको पहिचा नगर्ने
- सहभागीतामुलक खानेपानी, सरसफाइ र स्वास्थ समाजको योजना बनाउने
- ग.वि.स स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिको गठन गर्ने



### उद्देश्य २: सुरक्षित खानेपानी, सरसफाइ र स्वास्थ्य सम्बन्धी व्यबहार परिवर्तन गर्न स्थानीय सरोकारवालाहरु तथा अगुवाहरुको क्षमता अभिवृद्धि गर्ने

- व्यवहार परिवर्तन र प्रभावकारी कार्य प्रणालीको संचारविकास गर्ने
- समुदायका अगुवा ब्यक्ति तथा फिल्ड स्टाफका लागि व्यवहार परिवर्तन र संचार सम्बन्धी तालिम
- उपयुक्त तालिम तथा संचार सामाग्रीहरुको विकास गरी प्रकाशन उत्पादन तथा प्रचार गर्ने
- विद्यालयहरूको अगुवाइमा पूर्ण सरसफाइ, खानेपानी र स्वास्थ्य सम्बन्धी विद्यालय व्यवस्थापन तालिम
- स्थानीय सरोकारवालाहरूका लागि खानेपानी तथा सरसफाइ सम्बन्धी तालिम प्रदान गर्ने

### उद्देश्य ३: स्थानीय समुदायको स्वास्थ र सरसफाइमा सुधार ल्याउन विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रम मार्फत विद्यालय सेवा क्षेत्रमा पानी शुद्धिकरणका घरेलु उपायहरुको प्रवर्द्धन गर्ने

- विद्यालयको सेवा क्षेत्रमा घरेलु स्तरमापानी शुद्धिकरण प्रविधि र विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ अभियान सम्बन्धी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने
- विद्यालयमा खानेपानी, सरसफाइ र स्वास्थ्य सम्बन्धी अभ्यास र सुविधाहरू (बालमैत्री र लैङ्गिक मैत्री) बनाउन प्रचार गर्ने र नमुनाका रूपमा तयार गर्ने

